# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं फाल्गुन १८ गते २०१० साल

## भाग ३

## सिभिल सप्लाइज विभागको सूचना

सि. स. नं. ६३२। ख८८।१०　　　　　　　　　　　　१० ११-०१०

१९५०। १९५१ सन्‌को नेपाल सरहद्‌को निमित्त आउने चिनी झिकाउन पाउने गरी नियुक्त भएका इम्पोटरहरुले इम्पोटर गर्न पाउनुभएको चिनीमध्ये नेपाल पैठारी गरी ल्याएको चिनी ७५ अड्डाको कूपनबाट खर्च भै बाँकीको फाँट सूचना प्रकाश भएका ७ दिनभित्र साल सालको छुट्टाछुट्टै दाखिल गर्न ल्याउनू भनी तालुक अड्डामार्फत गोरखापत्रमा सूचनासमेत प्रकाश गर्दा पनि दाखिल गर्न नल्याएको हुँदा यस अड्डाबाट सूचना प्रकाश भएबमोजिम फाँट र भाडा—भरोटमा सो घटीबढी भएमा लिनुदिनुपर्ने गरी तपाईहरू जिम्मा जगेडा निमित्त रहेको धार्नी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

205

१८को मे ६।५ समेत सूचना पाएका ७ दिनभित्र दाखिल गर्न ल्याउनुहोला भनी पुर्जी लेखी पठाउँदा चिनीका कोटावाला साहू महाजनहरुले उर्दी सुनी पाएकोमा 'हामी सहि गरिदिन्नौ, फाँट दाखिल गर्न र रुपैयाँ दाखिल गर्न पर्नेछैन' भनी दिलबहादुर-बाहेक अरु कसैले सहि गरी नदिएको र सरकारिया अड्डाखानाको अडर पुर्जीको ख्याल नराखी अपहेलना गरेको भन्ने समेत बेहोराको कन्ट्रोल अड्डा कम्पूकोतले यस विभागमा रिपोट गरेको हुनाले अब फेरि एकपटकलाई १५ दिनको म्याद दिई यो सूचना प्रकाश गर्ने काम भएको छ। यो सूचना प्रकाश भएका १५ दिनभित्र सन् ५०।५१ को चिनीका कोटावाला साहूमहाजनहरुले अघिका सूचनाबमोजिम कुन कुन दरको चिनी कुन कुन मीलबाट झिकाएको हो र के कति चिनी बिक्री भै के कति बाँकी छ, रेलभाडा–भरोटसमेतको घटीबढीको फाँट कन्ट्रोल अड्डा कम्पूकोतमा दिन जानुहोला। उक्त म्यादसम्ममा पनि लेखिएबमोजिमको फाँट दाखिल गर्नुनभै सरकारिया अड्डाखानाको अडरपुर्जी, सूचनाको अपहेलना गर्नुभएमा सोही बेहोरा जाहेर भै जानेछ।

आज्ञाले—
नीरराज
सेक्रेटरी—उद्योग वाणिज्यमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

290